# Telecom. Newsletter

"राष्ट्र निर्माण हाम्रो लक्ष्य"

नेपाल दूरसञ्चार कं. लि., केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित






Volume 9, Issue 5, No. 53 Nepal Telecom (Nepal Doorsanchar Co. Ltd.) Bi-monthly, Baishakha-Jestha, 2067 (May 2010)


## कम्पनीको दोस्रो साधारण सभा सम्पन्न




**अध्यक्ष सुशील घिमिरे (दायाँबाट दोस्रो) वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै ।**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको २०६६ साल चैत्र १६ गते सम्पन्न दोस्रो वार्षिक साधारण सभाले आर्थिक वर्ष २०६५।०६६ को मुनाफा रकम मध्येबाट प्रति शेयर रु. ३५।- का दरले नगद लाभांश वितरण गर्ने लगायतका विभिन्न प्रस्तावहरु पारित गरेको छ ।

त्रिभुवन आर्मी अफिसर्स क्लब, काठमाण्डौंमा सम्पन्न भएको सो दोस्रो वार्षिक साधारण सभाले आर्थिक वर्ष २०६५।०६६ को लागि सञ्चालक समितिको प्रतिवेदन र लेखा परीक्षकको प्रतिवेदन सहितको २०६६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०६५।०६६ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गरेको छ ।

साधारण सभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०६६।०६७ को लागि कम्पनीको लेखा परीक्षकमा वरिष्ठ चार्टड एकाउण्टेण्ट कोमल बहादुर चित्रकारलाई नियुक्त गरी निजको पारिश्रमिक समेत तोकेको छ ।

साथै साधारण सभाले कम्पनीमा कार्यरत शेयरधनी कर्मचारीहरुका तर्फबाट टंकलाल श्रेष्ठलाई र कम्पनीका सर्वसाधारण शेयरधनीहरु मध्येबाट प्रमोद कुमार गुरुङलाई कम्पनीको सञ्चालक सदस्यमा निर्वाचित गरेको छ । टंकलाल श्रेष्ठ कम्पनीमा वरिष्ठ लेखा अधिकृत हुनुहुन्छ भने प्रमोद कुमार गुरुङ कम्पनीका सेवानिवृत्त प्रबन्धक (लेखा) हुनुहुन्छ ।

कम्पनीको सदस्य संख्याको ९१.९१ प्रतिशत उपस्थिति भएको कम्पनी सचिव बुद्धि प्रसाद आचार्यले औपचारिक जानकारी गराए पछि साधारण सभा शुरु भएको थियो ।

**बाँकी २ पेजमा**

## नयाँ एक्सचेन्ज सञ्चालनमा

सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेलले सिन्धुपाल्चोक जिल्लाको तातोपानी र खाडिचौर तथा काभ्रे जिल्लाको दोलालघाटमा स्थापित ५ / ५ सय लाइन क्षमताका टेलिफोन एक्सचेन्जहरुको गत चैत्र २ गते तातोपानीमा संयुक्त रुपमा उद्घाटन गर्नुभयो । मा.मन्त्री पोखरेलले कार्यक्रम स्थलबाट काभ्रेपलाञ्चोक जिल्लाका सभासद कृष्ण प्रसाद सापकोटासँग कुरा गरी दोलालघाट एक्सचेन्जको र सिन्धुपाल्चोक जिल्लाका पूर्व जिविस सभापति सादेश नेपालसँग टेलिफोनमा कुरा गरी खाडीचौर एक्सचेन्जको उद्घाटन गर्नुभएको थियो ।

सो अवसरमा उहाँले पछिल्लो दशकमा मुलुकमा सञ्चारको क्षेत्रमा धेरै प्रगति भएको र यसमा नेपाल टेलिकमको भूमिका उल्लेखनीय रहेको बताउनु भयो । उहाँले नेपाल टेलिकम कम्पनीमा परिणत भई प्रतिस्पर्धामा गए पश्चात आफ्नो सामर्थ्य र क्षमता प्रदर्शन गर्न सफल भएको उल्लेख गर्दै Broadband सेवाको थप विस्तारमा कम्पनी व्यवस्थापन सक्रियतापूर्वक लाग्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा नेपाल दूरसञ्चार कम्पनीका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव सुशील घिमिरेले अप्टिकल फाइबरमा आधारित यी एक्सचेन्जबाट वितरण गरिने टेलिफोन सेवाबाट सस्तो मूल्यमा तथ्याङ्क र ध्वनीको साथै भिडियो सेवा पनि प्रयोग गर्न सकिने बताउनु भयो । उहाँले टेलिफोनका तार चोरी भएमा फेरी जडान गरी सेवा पुनस्थापित गर्न लामो समय लाग्ने भएकाले स्थानीय उपभोक्ताहरुलाई चोरी नियन्त्रणका लागि आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन आग्रह गर्नु भयो ।

सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अमरनाथ सिंहले यी तीनै एक्सचेन्जहरु द्रुत गतिको इन्टरनेट सेवा ADSL उपलब्ध हुनसक्ने अत्याधुनिक ONU एक्सचेन्ज भएको जानकारी गराउँदै स्थानीय उपभोक्ताहरुले कम्पनीले उपलब्ध गराएको अत्याधुनिक दूरसञ्चार सेवाको




**मा. मन्त्री पोखरेल (दायाँबाट दोस्रो) एक्सचेन्ज उद्घाटन गर्दै**

**बाँकी २ पेजमा**

## नेपाल टेलिकमको ग्राहक आधार ५१ लाख

नेपाल टेलिकमद्वारा वितरित टेलिफोन सेवाका ग्राहक संख्या करिब ५१ लाख पुगेको छ ।

२०६६ फाल्गुण मसान्त सम्ममा जिएसएम टेलिफोन सेवाको संख्या ३६ लाख ९१ हजार २ सय ७५, सिडिएमए टेलिफोन सेवाको ग्राहक संख्या ८ लाख २९ हजार ९ सय ९८ र पिएटिएन टेलिफोन सेवाको ग्राहक संख्या ५ लाख ७३ हजार ७ सय ५७ गरी जम्मा ५० लाख ९५ हजार ३० पुगेको छ ।

यसैगरी कम्पनीका इन्टरनेट सेवाका ग्राहक संख्या गत फागुन मसान्तसम्ममा २ लाख ६ हजार ९६७ पुगेका छन् । यसमा ADSL प्रविधिमा आधारित द्रुत गतिको इन्टरनेट सेवाका ग्राहक संख्या ३३ हजार, CDMA प्रविधिमा आधारित (PDSN + PCMCIA) इन्टरनेट ग्राहक संख्या ६० हजार ३३७, GSM प्रविधिमा आधारित (GPRS) इन्टरनेट ग्राहक संख्या १ लाख ३ हजार ४८७ र PSTN मा आधरित (Dail Up) इन्टरनेट ग्राहक संख्या ९ हजार ३६३ रहेका छन् ।

ADSL प्रविधिमा आधारित द्रुत गतिको इन्टरनेट सेवाको उपकरण हाल ४४ जिल्लामा जडान गरिसकिएको छ भने ३३ वटा जिल्लामा सेवा वितरण भइसकेको छ ।

नेपाल टेलिकमले यस आर्थिक वर्षको अन्त्य सम्ममा देशका सम्पूर्ण गाविसमा टेलिफोन सेवा पुऱ्याउने लक्ष्य अनुरुप २०६६ फागुन महिना सम्ममा ३ हजार ४ सय ३६ गाविसहरुमा टेलिफोन सेवा विस्तार तथा वितरण गरिसकेको छ । कम्पनीले २०६६ मंसिरबाट दूरसञ्चार सेवा नपुगेका मुलुकका १९९ विकट गाविसमा यसै आर्थिक वर्ष भित्र सेवा पुऱ्याउने विशेष कार्यक्रम तय गरी हाल कार्यान्वयन भइरहेको छ । सो कार्यक्रम अन्तर्गत २०६६ साल चैत्रको मध्यसम्ममा ६७ वटा गाविसमा V-SAT जडान कार्य सम्पन्न गरिसकिएको छ । यसका अतिरिक्त अन्य २९ स्थानहरुमा पनि यो सेवाका टर्मिनलहरुको जडान कार्य सम्पन्न गरिएको

**बाँकी २ पेजमा**

## छुटको अवधि थप

नेपाल टेलिकमले आफ्नो वार्षिकोत्सवका अवसरमा २०६६ फागुन १ गते देखि चैत्र मसान्तसम्म लागू हुनेगरी विभिन्न सेवामा छुट दिएकोमा सो छुटको म्याद २०६७ बैशाख १ गते देखि लागू हुने गरी पुन एक महिना थप गरेको छ ।

- PSTN टेलिफोन सेवामा गत माघ मसान्तसम्म लागू भइरहेको जडान शुल्क रु.९००।- गत फागुन १ गतेदेखि चैत्र मसान्त सम्म पुरै छुट दिइएकोमा यो छुटको अवधि २०६७ बैशाख मसान्तसम्म थप गरिएको छ ।
- २०६६ असार मसान्तसम्म PSTN सेवामा बुझाउन बाँकी आसामी रकम गत फागुन १ गतेदेखि चैत्र मसान्तम्म भुक्तानी गरेमा सोमा लाग्ने जरिवाना मिनाहा गरिएकोमा यसको अवधि पनि २०६७ बैशाख मसान्तसम्म थप गरिएको छ ।
- कम्पनीको GSM तथा CDMA सेवाबाट कम्पनीकै नेटवर्क भित्र हुने SMS सेवाको महसुल दर रु.१।- प्रति SMS मा गत फागुन १ गतेदेखि चैत्र मसान्तसम्म ५० प्रतिशत छुट प्रदान गरिएकोमा सो छुटको अवधि २०६७ बैशाख मसान्तसम्म थप गरिएको छ ।
- GSM 2G र 3G सेवाको Data (GPRS) /Video Streaming Charges को महसुल गत फागुन १ गतेबाट २०६६ चैत्र मसान्तसम्म १ पैसा प्रति ४ किलोबाइट कायम गरिएकोमा सो छुटको अवधि २०६७ बैशाख मसान्तसम्म थप गरिएको छ ।
- EVDO सेवा तथा CDMA Mobile सेवामा उपलब्ध PDSN सेवाको महसुल दर गत फागुन १ गतेबाट २०६६ चैत्र मसान्तसम्म १५ पैसा प्रति १०० किलोबाइट कायम गरिएकोमा यसको अवधि २०६७ बैशाख मसान्तसम्म थप गरिएको छ ।



# GPRS प्रति ग्राहकहरू आकर्षित

जुनसुकै स्थानमा पनि आफ्नो मोवाइलबाट इन्टरनेट प्रयोग गर्न सकिने नेपाल टेलिकमको GSM प्रविधिमा आधारित GPRS सेवा उपभोक्ताहरु बीच लोकप्रिय बन्दै गएको छ। कम्पनीले करिब २ वर्ष अघि शुरु गरेको यो सेवाका ग्राहक संख्या २०६६ फागुन मसान्तसम्ममा १ लाख ३ हजार ४८७ पुगिसकेका छन। यो सेवा प्राय सबै जिल्लामा पुगिसकेको छ।

काठमाडौं उपत्यकाका ग्राहकहरुले यो सेवा लिनका लागि पुल्चोकस्थित GSM मोवाइल काउण्टर वा त्रिपुरेश्वरमा रहेको GSM मोवाइल काउण्टर र उपत्यका बाहिरका लागि टेलिकमका कार्यालयहरुमा आफ्नो मोवाइल सहित सम्पर्क गर्नुपर्छ। साथै काठमाडौं बाहिरका मोवाइल ग्राहकले काठमाडौंबाट पनि सेवा लिन सकिने व्यवस्था गरिएको छ।

यो सेवा प्रयोग गर्दा प्रिपेडका लागि एक पटक सेवा शुल्क वापत रु. १०० (करबाहेक) र प्रयोग शुल्क वापत 100 kb को २५ पैसा (बैशाख सम्म) लाग्ने व्यवस्था गरिएको छ। यसैगरी पोस्टपेड मोवाइलका लागि कनेक्सन शुल्क वापत रु. १०० र अनलिमिटेड इन्टरनेट मासिक भुक्तानीका रुपमा प्रयोग गर्न चाहेमा रु. ६०० मासिक शुल्क लाग्ने व्यवस्था छ।

पोस्टपेड मोवाइलमा GPRS सेवा SMS मार्फत पनि लिन सकिन्छ। सेवा लिने पोस्टपेड मोवाइलबाट अनलिमिटेड सेवाका लागि UGPRS टाइप गरी 1400 मा send गर्नु पर्ने हुन्छ। यसै गरी प्रयोगको आधारमा भुक्तानी गर्न चाहेमा VGPRS टाइप गरी 1400 मा send गर्नु पर्ने हुन्छ। पोस्टपेड मोवाइलको सेवा फिर्ता गर्न चाहेमा DGPRS टाइप गरी 1400 मा send गर्नु पर्ने हुन्छ। विभिन्न मोवाइलमा फरक फरक प्रकारले सेटिङ गर्नु पर्ने हुँदा नेपाल टेलिकमको webside बाट थप जानकारी लिन सकिन्छ।

# Happiness at Workplace

कम्पनीको सफलता र त्यहाँ कार्यरत कर्मचारीको प्रसन्नतामा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। कम्पनी सफल हुन व्यापार र कारोबार राम्रो हुनुपर्छ र यसको लागि त्यहाँ कार्यरत कर्मचारी प्रसन्न हुनुपर्दछ। एक सर्वेक्षणका अनुसार सुखी र प्रसन्न कर्मचारीले कार्यालयको सफलताको कामना गर्ने तथा दुखी र असन्तुष्ट कर्मचारीले जे सुकै होओस् भनी अनुत्तरदायी भावना राख्ने गरेको पाइएको छ।

सबै कर्मचारीले कम्पनीको Vision, Mission र Goal थाहा पाएको हुनैपर्दछ। यसरी थाहा पाउने कर्मचारीले तोकेर कामको जिम्मा नपाएको भएपनि केही न केही काम गरिरहने गरेको सर्वेक्षणमा पाइएको छ। जुन कम्पनीका कर्मचारीमा सकारात्मक सोच, जिज्ञासु स्वभाव, आफ्नो निर्णय र कामका बारेमा छलफल गर्ने बानी तथा दूर दृष्टियुक्त भई मानिसलाई सहयोग गर्ने भावना हुन्छ त्यो कम्पनी सधैं सफल हुनसक्छ। कम्पनीप्रति विश्वस्त र कार्यमा समर्पित प्रसन्न चित्तका कर्मचारीले कम्पनीको उत्पादकत्व बढाउन मात्र नभएर उच्च गुणस्तरको सेवा प्रदान गराउन पनि सहयोग पुऱ्याइरहेका हुन्छन्।

सार्वजनिक रुपले सेवा उपलब्ध गराउने सफल संस्थाका कर्मचारीहरु एकआपसमा निर्भर रही सहकर्मीबीच समन्वय राखी कार्य गर्ने र विगत तथा भविष्यप्रति बढी चिन्तित नभई वर्तमानमा नै केन्द्रित रही उत्कृष्ट शैलीमा कार्य सम्पादन गर्न रुचाउने पाइएका छन्।

(गत फागुन १९ गत केन्द्रीय कार्यालयमा *Happiness at Workplace* शिर्षकमा व्यापार व्यवस्थापन विभागका प्रवन्धक सुरेन्द्र प्रसाद थिकेले प्रस्तुत गर्नु भएको प्रस्तुतिको सार संक्षेप ।)

# कम्पनीको दोस्रो साधारण........

१ पेजको बाँकी

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड सञ्चालक समितिका अध्यक्ष सुशील घिमिरेले साधारण सभामा उपस्थित शेयर धनीहरुलाई स्वागत गर्दै कम्पनीको दोश्रो वार्षिक प्रतिवेदन पेश गर्नु भएको थियो।

उहाँले सधारण सभालाई सम्बोधन गर्दै मुलुकको समसामयिक राजनैतिक परिदृश्य, सुरक्षा व्यवस्था, उर्जा संकट, इन्धनको मूल्यमा अस्थिरता आदिको कारणबाट मुलुककै अर्थ व्यवस्था प्रभावित भएता पनि कम्पनी वित्तीय रुपमा पूर्ण सफल र सेवा प्रवाहको दृष्टिले सक्षम देखिएको र बढ्दो प्रतिस्पर्धाको बावजुद पनि देशभर विभिन्न किसिमका दूरसञ्चार सेवाहरु प्रवाह गरी मुलुककै उत्कृष्ट दूरसञ्चार सेवाप्रदायक कम्पनीको स्थान कायम राख्न कम्पनी सफल भएको बताउनु भयो। साथै उहाँले दूरसञ्चार प्रविधिमा भएको तीव्र परिवर्तनको कारण नयाँ उपकरण र प्रविधिमा लगानी गर्नुपर्ने अनिवार्यता र आन्तरिक बजारमा थप सेवा प्रदायकको प्रवेशले थप चुनौती महशुस भएको बताउनु भयो। उहाँले महसुल दर घटिरहेको अवस्था र बढ्दो प्रशासनिक खर्चका बावजुद पनि कम्पनीको वित्तीय परिणाम सकारात्मक रहेको बताउनु भयो।

उहाँले आ.व. २०६१।०६२ देखि आ.व.२०६५।०६६ सम्म आँउदा कम्पनीको कुल आम्दानी २.४१ गुणा वृद्धि भएको, आ.व.२०६५।०६६ मा कम्पनीको कूल आम्दानी अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतले वृद्धि भई रु.२२ अर्ब १५ करोड रहेको, त्यस्तै कम्पनीको खुद् मुनाफा अघिल्लो वर्षको तुलनामा ३१ प्रतिशतले वृद्धि भई १० अर्ब १८ करोड पुगेको, कम्पनीको प्रति शेयर आम्दानी अघिल्लो वर्षको तुलनामा २८ प्रतिशतले वृद्धि भई रु. ६७.८५ पुगेको, कम्पनीको कूल सम्पत्ति अघिल्लो वर्षको तुलनामा २० प्रतिशतले वृद्धि भई रु.४६ अर्ब २८ करोड पुगेको समेत जानकारी गराउनु भएको थियो।

साथै उहाँले हाल कम्पनीका सबै सेवाहरु सहितको टेलिफोन घनत्व प्रति एक सय जनसंख्यामा १७.८४ रहेको जानकारी गराउनु भयो।

उहाँले अत्याधुनिक प्रविधि अवलम्बन गर्ने क्रममा हाल ४ लाख पोर्ट क्षमताको NGN Switch System को खरिद प्रक्रिया अघि बढाई सकिएको, हालको CDMA प्रविधिमा भएको विकास स्वरुप कम्पनीले IP मा आधारित CDMA प्रविधि भित्र्याउने तयारी गरिरहेको, Mobile सेवा तर्फ 3G मोवाइल सेवा सञ्चालन गरेर दक्षिण एसियामै यो प्रविधि अवलम्बन गर्ने पहिलो दूरसञ्चार सेवा प्रदायक हुन पुगेको र CDMA प्रविधि अन्तर्गत SKY DATA को अलावा EVDO सेवा मार्फत उच्च क्षमताको इन्टरनेट सेवा सञ्चालनमा ल्याइएको जानकारी गराउनु भयो।

अध्यक्ष श्री घिमिरेले शेयरधनी महानुभावहरुले उठाएका विभिन्न प्रश्नहरुको जवाफ दिनु भएको थियो। कार्यक्रममा शेयरधनी महानुभावहरुले राख्नु भएका जिज्ञासाहरुका जवाफ दिने क्रममा श्री घिमिरेले शेयरमुल्य वृद्धि गर्न तथा व्यवस्थापकीय सुधारका लागि टेलिकममा रणनीतिक साझेदार भित्राउनका लागि आवश्यक गृहकार्य भईरहेको बताउनुभयो।

दोश्रो साधारण सभामा शेयरधनी माधव कुमार श्रेष्ठ, कुवेर श्रेष्ठ, प्रेम कुमार सञ्जेल, दामोदर प्रसाद रेग्मी, चन्द्र नारायण श्रेष्ठ, भुवनराज चटौत, राजेश शाक्य, डमरु बल्लभ घिमिरे र ओम घिमिरेले कम्पनीको उन्नती र शेयरको मुल्यवृद्धिका उपायहरु सहित आफ्ना राय राख्नुभएको थियो। यसैगरी



**साधरण सभामा उपस्थित शेयर होल्डरहरू**

कम्पनी सञ्चालक समितिको सदस्य पदका लागि उम्मेदवारी दिनु भएका मधुसुदन कर्माचार्य, महेन्द्र प्रसाद यादव, सुशिल प्रसाद साह, टंकलाल श्रेष्ठ, सरोज ढुंगाना, प्रमोद कुमार गुरुङ र बोध प्रसाद त्रिपाठीले पनि आफ्ना प्रतिबद्धताहरु प्रस्तुत गर्नुभएको थियो।

सो कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक अमरनाथ सिंह, सञ्चालक सदस्यहरु राजुमानसिंह मल्ल, (कानुन मन्त्रलय) नारायण प्रसाद रेग्मी (सञ्चार मन्त्रालय), कम्पनीका शेयरधनी कर्मचारीहरु र सर्वसाधारण शेयरधनीहरुको उपस्थिति रहेको थियो।

# नयाँ एक्सचेन्ज........

१ पेजको बाँकी

उपयोग गरी लाभ लिनसक्ने बताउनु भयो। उहाँले तातोपानी एक्सचेन्जलगायत यस क्षेत्रका उपभोक्ताहरुको माग, शहरीकरणको विस्तार, छिमेकी मित्र राष्ट्र चीनसँगको व्यापारिक कारोबारमा भइरहेको वृद्धि लगायतका कारणले यस क्षेत्रमा दूरसञ्चार सेवा विस्तार गर्नु कम्पनीको सामाजिक उत्तरदायित्वको हिसाबले मात्र नभई व्यावसायिक दृष्टिले पनि महत्वपूर्ण भएकाले कम्पनीले प्राथमिकताका साथ यस क्षेत्रमा टेलिफोन सेवा विस्तार गरिरहेको जानकारी गराउनु भयो। साथै उहाँले कम्पनीले भविष्यमा प्राविधिक दृष्टिले सम्भव भएका त्यस भेगका अन्य क्षेत्रमा पनि टेलिफोन एक्सचेन्ज स्थापना गर्दै जाने जानकारी गराउनु भयो।

सो अवसरमा पिएसटिएन सेवा निर्देशनालयका निर्देशक विष्णु कसजूले त्यस क्षेत्रमा वितरण गरिने टेलिफोनबाट कुरा गर्ने सेवाका अतिरिक्त ६४ केविपिएस देखि २ एमविपिएस सम्मको लिज लाइन सेवा, ISDN सेवा तथा ADSL मार्फत Broadband Internet सेवा, पिसिओ र PABX सञ्चालन गर्ने ग्राहकहरुका लागि होम मीटर रिडिंग सेवा उलब्ध गराउन सकिने जानकारी गराउनु भएको थियो।

सिन्धु उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र श्रेष्ठले मुलुकलाई अरबौं राजश्व बुझाउने तातोपानी नाका वरपर चिनीयाँ मोवाइल प्रयोग भई करोडौंको राजश्व विदेसिईरहेको सन्दर्भमा नेपाल टेलिकमले नयाँ एक्सचेन्ज सञ्चालन गरी टेलिफोन सेवा उपलब्ध गराउनु निकै सकरात्मक काम भएको बताउनु भयो। उद्घाटन समारोहमा जिल्लाका कार्यालय प्रमुखहरु, व्यापारीहरुलगायत स्थानीय जनताको सहभागिता रहेको थियो।

कार्यक्रममा काठमाडौं क्षेत्रीय निर्देशनालयका निर्देशक मधुसुदन कर्माचार्यले स्थानीय जनताको माग अनुसार प्राविधिक दृष्टिले सम्भव भएका अन्य स्थानमा पनि क्रमश सेवा विस्तार तथा वितरण गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

# नेपाल टेलिकमको ........

१ पेजको बाँकी

छ। विकट ग्रामीण क्षेत्रमा न्यूनतम दूरसञ्चार सेवा पुऱ्याउन जिल्ला विकास समितिको सिफारिशका आधारमा संघ–संस्था तथा व्यक्तिको माग अनुसार V-SAT Terminal मार्फत टेलिसेन्टर स्थापना गर्ने व्यवस्था पनि मिलाइएको छ।

## हाम्रा सेवाहरु



LAND LINE



GSM MOBILE



C-Phone



Sky Phone



# महत्वपूर्ण जानकारी

नेपाल टेलिकमले उपभोक्ताहरुलाई आफ्ना सेवाहरुका सम्बन्धमा सुविधाजनक रुपमा जानकारी उपलब्ध गराउने उद्देश्यले नि:शुल्क र सशुल्क रुपमा कल गर्न सकिने गरी विभिन्न टेलिफोन नम्बरहरुको व्यवस्था गरेको छ । साथै कम्पनीले सामाजिक दायित्व निर्वाह गर्ने सन्दर्भमा सर्वसाधारण जनताको सुविधाका लागि आकस्मिक अवस्थामा नि:शुल्क कल गर्न सकिने गरी विभिन्न टेलिफोन नम्बरहरु उपलब्ध गराएको छ । यस्ता केही टेलिफोन नम्बरहरुको संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

कम्पनीका सेवा सम्बन्धी जानकारी लिनका लागि नि:शुल्क कल गर्न सकिने गरी उपलब्ध गराइएका टेलिफोन नम्बरहरु :

## निम्न नम्बरहरुबाट निम्न बमोजिमका जानकारीहरु प्राप्त गर्न सकिन्छ ।

- १९७ - यो नम्बरमा फोन गरी PSTN टेलिफोन नम्बर, जिल्लाका कोड नम्बरहरु र PSTN सेवा सम्बन्धी अन्य जानकारी प्राप्त गर्न सकिन्छ ।
- १९८ - नेपाल टेलिकमका PSTN फोन बिग्रिएमा वा केही सिकायत भएमा यस नम्बरमा फोन गरी समस्या टिपाउनु पर्दछ । PSTN टेलिफोनमा आएका कुनैपनि समस्याको समाधानका लागि टेलिकमले १९८ मार्फत मर्मत सेवाको व्यवस्था गरेको हो ।
- १८८ - नेपाल टेलिकमका वा अरु कम्पनीका मोवाइलबाट अवैध रुपले अनुमतिप्राप्त सेवा प्रदायकहरुको गेटवे प्रयोग गरी (VOIP मार्फत) टेलिफोन गराएको पाइएको अवस्थामा सो सम्बन्धी जानकारी नेपाल टेलिकमलाई गराउनका लागि यो नम्बरमा कल गर्न सकिन्छ । विदेशबाट टेलिफोन आउँदा नेपालका टेलिफोन कम्पनीका नम्बरहरु फोनमा देखिएको अवस्थामा अवैध कल भएको हुनसक्ने भएकाले सो सम्बन्धमा टेलिफोन नम्बर १८८ मा फोन गरी टिपाउन सकिन्छ ।
- १४९८ - यस नम्बरमा GSM मोवाइलमा देखिएका समस्याका बारेमा सिकायत गरी समाधान प्राप्त गर्न सकिन्छ । GSM मोवाइलको बिल सम्बन्धमा सिकायत भएमा वा रिचार्ज गर्दा समस्या आएका अवस्थामा यस नम्बरमा फोन गर्न सकिन्छ ।
- १६५० - नेपाल टेलिकमको Intelligent Network सेवा अन्तर्गत सञ्चालित यो सेवा प्रयोग गरी PCC कार्ड मार्फत स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय फोन गर्न सकिन्छ । सामान्य टेलिफोनबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय फोन गर्न सकिने यस सेवाको विशेषता हो ।
- १६९८ - यो नम्बरबाट Easy Call Card को प्रयोग गर्ने तरिका र कार्डमा सञ्चित रकमको जानकारी पाउन सकिन्छ ।
- १६९९ - नेपाल टेलिकमद्धारा दुर्गम र अन्य सञ्चार सेवा उपलब्ध नभएका स्थानमा वितरण गरिएका VSAT टेलिफोनका बारेमा आएका समस्याको सिकायत र समाधान गर्नका लागि यो नम्बरको व्यवस्था गरिएको हो ।

## सशुल्क कल गर्न सकिने केही उपयोगी नम्बरहरु

- १६०० - यो नम्बर SLC को परिणाम तत्काल थाहापाउनका लागि व्यवस्था गरिएको हो । SLC को रिजल्ट भएका बेला मुलुकभर रहेका नेपाल टेलिकमका C Phone, Sky Phone अथवा PSTN फोनबाट १६०० मा फोन गरी तत्कालै SLC को परिणाम प्राप्त गर्न सकिन्छ ।
- १६०१ - यसैगरी कक्षा ११ र १२ को परीक्षा परिणाम तत्काल थाहा पाउन १६०१ नम्बरमा मुलुकभरबाट फोन गर्न सकिन्छ ।
- १६०६ - यो नम्बरमा फोन गरी आफ्नो PSTN फोनको बिल थाहा पाउन सकिन्छ ।
- १६०७ - नेपाल टेलिकमद्वारा वितरित GSM र CDMA मोवाइलका PUK नम्बर थाहापाउनका लागि १६०७ नम्बरमा फोन गर्न सकिन्छ ।

## नि:शुल्क कल गर्न सकिने अन्य केही नम्बरहरु

सामाजिक उत्तरदायित्व निर्वाह गर्ने सन्दर्भमा नेपाल टेलिकमले नि:शुल्क कल गर्न सकिने गरी केही नम्बरहरुको व्यवस्था गरेको छ । यी नम्बरहरु विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले जनहितका निम्ति सञ्चालन गर्ने गरी उपलब्ध गराइएको छ ।

- १०९८ - चार अंकको यो नम्बर बालबालिका जोखिममा परेको थाहा भएमा वा हराएमा र बालबालिकामाथि ज्यादती भएमा उजुरी गर्नका लागि व्यवस्था गरिएको हो । यो नम्बर सिविन नामक गैरसरकारी संस्थामार्फत प्रयोगमा ल्याइएको छ । सिविन हेल्पलाइनका रुपमा प्रयोग भएको यस नम्बरमा फोन गरी बालबालिका हराएका अवस्थामा जानकारी दिई खोजतलाश गर्न, कतै बालबालिकामाथि कुटपिट र ज्यादती भएको भएमा उजुरी दिई उद्धार गर्नका लागि सहयोग गर्न सकिन्छ ।
- १०४ - यो नम्बरमा बालबालिका हराएमा वा भेटिएमा फोन गरी जानकारी दिन सकिन्छ । समाजकल्याण मन्त्रालय अन्तर्गतको बालबालिका खोजतलास समन्वय केन्द्रले हराएका बालबालिका खोज्ने तथा भेटिएकालाई अभिभावकसँग समन्वय गरी बुझाउने गर्दछ ।
- ११११ - यो नम्बर प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा राखिएको छ । यसमा फोन गरी लैंगिक हिंसाको विरुद्ध तथा अन्य सरकारी काम कारवाहीको विषयमा गुनासो भए उजुरी गर्न सकिन्छ । यसमा आएका उजुरी सुनी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले कार्यान्वयन प्रक्रिया अघि बढाउने व्यवस्था गरिएको छ ।
- १०० - कुनै आपत पर्दा वा चोरी, लुटपाट वा अवाञ्छित गतिविधि भएमा प्रहरीको सहयोगका लागि यो नम्बरमा डायल गरी सुरक्षा माग्न सकिन्छ ।
- १०१ - आगलागी भएमा र दमकलको आवश्यकता परेमा तत्काल १०१ मा फोन गरी दमकल बोलाउन सकिन्छ ।
- १०३ - यो नम्बरमा फोन गरी ट्राफिक प्रहरीसँग उपत्यकामा कहाँ ट्राफिक जाम भएको छ वा छैन भनी जानकारी लिन सकिन्छ ।

# दूरसञ्चार कर्मचारी संघको वार्षिकोत्सव सम्पन्न

नेपाल दूरसञ्चार कर्मचारी संघको २० औं वार्षिकोत्सव हालै केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी सम्पन्न भयो । चैत्र २९ गते आयोजित सो कार्यक्रममा सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेलले अत्याधुनिक प्रविधिको प्रयोग गरी मुलुकमा दूरसञ्चार सेवा उपलब्ध गराउने नेपाल टेलिकमको व्यवस्थापन पनि समयानुकुल आधुनिक हुनुपर्ने बताउनु भएको छ । उहाँले टेलिकमलाई प्रतिस्पर्धी कम्पनीहरुभन्दा अब्बल राख्नका लागि कर्मचारी, व्यवस्थापन, युनियन र उच्च तहका कर्मचारीबीच सहयोगात्मक वातावरण हुनु अत्यावश्यक भएको बताउनु भएको छ ।

सो अवसरमा कम्पनीका प्रबन्ध निर्देशक अमरनाथ सिंहले कम्पनीले हाल गरिरहेको प्रगतिबाट निराश हुनुपर्ने अवस्था नरहेको र उपभोक्ताहरुलाई अझ स्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउन र प्रतिस्पर्धी कम्पनीहरुसँग सधैं खरो उत्रनका लागि कर्मचारी युनियनहरुको साझा सुझाव महत्वपूर्ण हुने बताउनु भयो ।

कार्यक्रममा कम्पनीका नवनिर्वाचित सञ्चालकद्धय टंकलाल श्रेष्ठ र प्रमोद कुमार गुरुङले कम्पनीलाई थप प्रगतिको बाटोमा लैजान आफ्ना तर्फबाट सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा कर्मचारी संघका अध्यक्ष अशोक कुमार कर्णले आफ्ना माग पूरा गराउने नाममा ग्राहक र संस्थालाई हानी नोक्सानी पुग्नेगरी नेपाल दूरसञ्चार कर्मचारी संघले कहिल्यै पनि हडताल, तालाबन्दी र बन्द नगर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा गत वर्षको एसएलसी परीक्षामा सबभन्दा बढी अंक प्राप्त गर्ने काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गत कार्यरत कर्मचारी रिता सुवेदीका पुत्र रविन सुवेदी र १ तहका देशभरका कर्मचारीका सन्ततीहरुमध्ये सबभन्दा बढी अंक ल्याउन सफल सुशिल वाटीका छोरा सुजित वाटीलाई सञ्चार मन्त्री शंकर पोखरेलले TEAN Scholorship प्रदान गर्नु भएको थियो । यसैगरी वार्षिकोत्सवका अवसरमा सञ्चालित अतिरिक्त क्रियाकलापका विजयी कर्मचारी तथा रक्तदाताहरुलाई पनि प्रमाणपत्र वितरण गरिएको थियो ।

सो कार्यक्रममा संघका सल्लाहकार सुनिल कुमार पोखरेल, पेशागत महासंघका अध्यक्ष प्रमोद शर्मा, नेपाल टेलिकम वर्कर्स युनियनका वरिष्ठ उपाध्यक्ष सञ्जय दाहाल, नेपाल टेलिकम कर्मचारी युनियनका अध्यक्ष सरोज कुमार ढुंगाना, दूरसञ्चार कर्मचारी परिषदका अध्यक्ष राजाराम शर्मा, राष्ट्रिय कर्मचारी संगठन नेपाल टेलिकमका अध्यक्ष कृष्णहरी खतिवडा र दूरसञ्चार कर्मचारी संघका उपाध्यक्ष लोक बहादुर कटवालले पनि आफ्ना भनाईहरु राख्नुभएको थियो ।

# VSAT सेवाको आवश्यकता

नेपाल टेलिकमले स्याटलाईट प्रविधि मार्फत अन्तर्राष्ट्रिय सेवा सन् १९८२ देखि संचालनमा ल्याईरहेको छ । **VSAT** सेवाले देशका पहाडी तथा हिमाली अति दुर्गम स्थानमा स्याटलाईट प्रविधि मार्फत दूरसञ्चार सेवा पुऱ्याउँदै आइरहेको छ । यो सेवा देशको भौगोलिक अवस्थाका कारण एउटा अपरिहार्य सेवा भइरहेको छ । दूरसञ्चार सेवा पुग्न नसकेका गा.वि.स. हरुमा यसै आर्थिक वर्षको अन्त्यसम्ममा विभिन्न प्रविधि मार्फत टेलिफोन सेवा पुऱ्याउने लक्ष्य अनुसार कार्य भैरहेको छ र यसमा VSAT प्रविधिको उपयोग निकै लाभप्रद भइरहेको छ । स्याटलाइट सेवा निर्देशनालयबाट विगत फागुन र चैत्र दुई महिनामा १ सय भन्दा बढी गा.वि.स.हरुमा **VSAT** जडान गरी टेलिफोन सेवा संचालनमा ल्याईएको छ । आजको युगमा **Direct to Home ( DTH ) Satellite TV** सेवा संचालन गर्न सूचना तथा सञ्चार मन्त्रालयबाट लाईसेन्स प्राप्त सेवाप्रदायकहरुले नेपाल टेलिकमसँग सहकार्य गरी **Joint Venture** / वा सहयोगीको रुपमा संचालन गर्न इच्छा गरिरहेका छन् ।

हाल नेपाल टेलिकमबाट **Satellite** मार्फत उपलब्ध गराउँदै आईरहेको सेवाको विस्तृत विवरण यस प्रकार रहेको छ :

***Satellite Network Status***

International satellite circuites : 4,712

Regional satellite trunk circuits: maximum 2,400 circuits

Switch via satellite network: 5

Adsl via satellite network : 1

**Cellular satellite network:**

Total locations : 66

Total Terminal : 70

Gilat Terminals : 50

Scpc KU Band Terminals :15

Scpc C Band Terminals : 5

Total BTS : 75

GSM BTS : 50

GSM BTS Via Gilat : 37

GSM BTS Via Scpc : 13

CDMA BTS : 25

CDMA BTS Via Gilat : 13

CDMA BTS Via Scpc : 12

**Rural satellite network:**

C-Band Terminals : 300

Ku-Band Terminals : 204

Total Rural Terminals : 504

Total Cellular Terminals : 70

Total Regional Terminals : 3

Grand Total Terminals : 577



SKY DATA



E-mail / Internet

हाम्रा सेवाहरु



V-SAT



ADSL

# पूर्वाञ्चल गतिविधि

विश्वको सबैभन्दा अग्लो भूभाग सगरमाथाको तेङ्बोचे र नेपालको सबैभन्दा होचो भूभाग केचनामासमेत टेलिफोन सेवा सञ्चालन गरिरहेको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय विराटनगरले निर्देशनालय अन्तर्गतका सबै क्षेत्रमा विविध किसिमका दूरसञ्चार सेवा पुऱ्याउन योजनाबद्ध रुपमा आफ्ना कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ। यस निर्देशनालयले हाल सम्म PSTN, GSM र CDMA गरी जम्मा ७ लाख ५४ हजार ५ सय ७६ लाइन टेलिफोन वितरण गरी संचालन गरिरहेको छ ।

### GSM सेवा वितरण

यस निर्देशनालयले यस आर्थिक वर्षको अन्त्यसम्ममा यो क्षेत्रमा ३ लाख ५० हजार लाइन GSM मोवाइल सेवा वितरण गर्ने लक्ष्य राखेकोमा गत माघ मसान्त सम्ममा करिब १ लाख ५ हजार लाइन वितरण गरी हाल सम्म जम्मा ५ लाख १३ हजार मोवाईलका ग्राहक रहेको र थप सेवा विस्तारका लागि प्राविधिक कार्य भइरहेको निर्देशनालयका निर्देशक श्याम सुन्दर यादवले जानकारी दिनु भएको छ । उहाँका अनुसार हाल सो निर्देशनालय अन्तर्गतका प्राय सबै कार्यालयहरुबाट अनडिमाण्ड रुपमा GSM मोवाइल सेवा वितरण भइरहेको छ ।

उहाँका अनुसार सो क्षेत्रमा उर्जाको अभावमा GSM मोवाइल सेवाको गुणस्तरमा कमी आउन नदिनका लागि निर्देशनालयले विद्युतीय उर्जाको विकल्पका रुपमा कतिपय स्थानमा जेनेरेटर राखिसकेको र कतिपय स्थानका लागि जेनेरेटर खरिद गर्न टेण्डर भइसकेको छ। यस्तैगरी केही स्थानमा १२ घण्टाका व्याट्रि व्याक अप राख्ने कार्य जारी रहेको छ भने केही स्थानमा सौर्य उर्जा राख्ने तयारी पनि भइरहेको छ। गुणस्तर सुधारका लागि RF अप्टिमाइजेसनको कार्य पनि जारी रहेको निर्देशक यादवले जानकारी दिनुभएको छ।

GSM सेवाका लागि पूर्वाञ्चलमा गत माघ महिनासम्ममा १६९ स्थानमा २१४ वटा BTS सञ्चालनमा रहेको र आगामी असारसम्ममा १ सय वटा थप BTS जडान गर्ने कार्यक्रम रहेको छ। GSM मोवाइल सेवा पूर्वाञ्चलका सप्तरी, सिराह,उदयपुर, ओखलढुंगा, दिक्तेल, चैनपुर तेह्रथुम, खाँदवारी, पाँचथर, इलाम, मोरङ, झापा आदिमा थप विस्तार गर्ने कार्यक्रम रहेको छ ।

### CDMA सेवा वितरण

यस्तै गरी सो निर्देशनालयले यस आर्थिक वर्षको अन्त्यसम्ममा पूर्वाञ्चल क्षेत्र अन्तर्गत १ लाख लाइन CDMA सेवा वितण गर्ने लक्ष्य लिएकोमा गत माघ महिनासम्ममा ५० हजार थान RUIM वितरणका लागि निर्देशनालयबाट विभिन्न कार्यालयमा पठाइसकिएको र थप लाइन वितरणका लागि आवश्यक प्राविधिक तयारी भइरहेको जानकारी गराइएको छ। CDMA सेवा ग्रामीण तथा पहाडी क्षेत्रमा अत्यधिक माग भए बमोजिम ती स्थानलाई लक्षित गरी वितरण प्रक्रिया जारी रहेको छ ।

गत माघ महिनासम्ममा CDMA सेवाको १०७ स्थानमा BTS जडान भइसकेको र १० स्थानमा सञ्चालन हुन बाँकी छ। ६२ स्थानमा क्षमता अभिवृद्धि गरिएको छ अगामी असार सम्ममा ३३ स्थानमा BTS जडान गर्ने लक्ष्य रहेकोमा ३३ मध्ये १७ स्थानमा जडान भई सञ्चालनका क्रममा रहेको छ। यस आर्थिक वर्षमा ओखलढुंगा, पाँचथर, ताप्लेजुंग, इलाम, भोजपुर जिल्लाका विकट स्थानमा र तराईभेगका ग्रामीण क्षेत्रमा CDMA का BTS जडान गरी सेवा वितरण गर्ने लक्ष्य रहेको छ।

### ADSL

यस क्षेत्रमा ADSL प्रविधिमा आधारित द्रुत गतिको इन्टरनेट सेवा २०६६ मंसिर महिना देखि वितरण शुरु गरिएकोमा हालसम्म १ हजार ४२४ वटा लाइन वितरण गरिसकिएको छ, र आगामी असार मसान्त सम्ममा ५ हजार लाइन वितरण गर्ने लक्ष्य लिइएको छ। सो क्षेत्रीय निर्देशनालय अन्तर्गत विराटनगर, टंकी, रानी, रोडशेष, तिनपैनी, दूहवी, इटहरी, धरान, ईनरुवा, दमक, बिर्तामोड, भद्रपूर लगायतका स्थानहरुमा लाइन वितरण भइरहेको छ र आगामी असार सम्ममा इलाम, धनकुटा, लहान, राजविराज र उर्लाबारी लगायतका क्षेत्रमा ADSL सेवा वितरण गर्ने लक्ष्य रहेको छ।

### विकट क्षेत्रमा सेवा

पूर्वाञ्चल क्षेत्रमा पर्ने १६ जिल्लाका ८६३ गाविस मध्ये दूरसञ्चार सेवा नपुगेका ४७ वटा दुर्गम गाविसमा NT SAT ( KU band) प्रणाली मार्फत दूरसञ्चार सेवा यसै आर्थिक वर्षको अन्त्यसम्ममा पुऱ्याउने लक्ष्य राखेकोमा फागुन सम्ममा २२ गाविसमा सेवा सञ्चालन भइसकेको र अन्य बाँकी गाविसमा माग बमोजि उपकरण जडान गरी सेवा सञ्चालन गर्ने कार्य जारी रहेको छ ।

### नेटवर्क विस्तार

पूर्वाञ्चल क्षेत्रमा नेटवर्क विस्तार अन्तर्गत झापाको केर्खामा बैशाख महिनामा नयाँ एक्सचेन्ज जडान गरी सञ्चालन गर्ने कार्यक्रम रहेको छ । पाँचथरको यासोक, मोरङको मधुमल्ला, कटहरी, केराबारी, तेह्रथुमको वसन्तपुर, झापाको गौरीगञ्ज, सुनसरीको भमरी र खनारमा यही आर्थिक वर्षको कार्यक्रममा नयाँ एक्सचेन्ज सञ्चालन गर्ने लक्ष्य रहकोमा आवश्यकता अनुसार केवुल तथा NGN Equipment प्राप्त हुन सकेमा लक्ष्य पुरा हुने जानकारी गराइएको छ ।

सुनसरी जिल्लाको खनारमा केवुल चोरी भई २ वर्ष देखि सेवा बन्द रहेको ३०० लाइन टेलिफोन यही बैशाख महिना देखि सञ्चालन गर्ने गरी काम भइरहेको छ ।

पूर्वाञ्चलका विभिन्न स्थानमा केवुल चोरीको समस्या रहेको र ती स्थानमा मर्मत सम्भार कार्य पूर्वाञ्चलकै विभिन्न एक्सचेन्जहरुबाट करिब ७० हजार मिटर केवुल डिसमेन्टल गरी पुन प्रयोग गरिएको छ । यस्ता केवुल पहिले गोदाममा राखेर पछि लिलाम गर्ने गरिएको थियो ।

केवुल चोरी भएका स्थानमा जनताको श्रमदानबाट एरिएल केवुल जमिन मुनिबाट लगी समस्या समाधान गर्ने प्रयास गरिएको छ।

### राजश्व संकलन

पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय विराटनगरले यस आर्थिक वर्षको अन्त्य सम्ममा कम्पनीका PSTN , CDMA र GSM सेवाहरुबाट रु. ३ अरब ५५ करोड ९० लाख २६ हजार राजश्व संकलन गर्ने लक्ष्य राखेकोमा आर्थिक वर्षको प्रथम ६ महिनामा १ अरब २२ करोड ४५ लाख ६ हजार रुपियाँ राजश्व संकलन गरिसकेको छ ।

निर्देशनालयले PSTN टेलिफोनको नगद संकलनका लागि सञ्चालन गरेका ४४ वटा नगद संकलन केन्द्र मध्ये ९ स्थानमा CBS प्रणाली, ३० स्थानमा EBS प्रणाली र बाँकी ५ स्थानमा परम्परागत म्यानुअल प्रणालीबाट नगद संकलन कार्य भैरहेको छ । उक्त ५ स्थानमा समेत यही आर्थिक वर्ष भित्रमा EBS प्रणाली लागू गर्ने र EBS लागू भइसकेका ८ स्थानमा CBS प्रणालीले प्रतिस्थापन गर्ने कार्यक्रम रहेको छ। यस्तैगरी CBS प्रणाली भएका स्थानमा क्रमशः बैंकबाट भुक्तानी गर्ने व्यवस्था गर्न लागिएको छ । हाल विराटनगर, धरान धनकुटामा माछापुच्छे बैक, इन्भेष्टमेन्ट बैक, बैक अफ काठमाडौ, कुमारी बैक, लक्ष्मी बैक, एनएमबी ग्लोवल बैक, सिद्धार्थ बैकका शाखाहरुबाट भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ।

### CASH कार्डको बिक्री-वितरण

पूर्वाञ्चल क्षेत्रका सम्पूर्ण उपभोक्ता समक्ष सहज र सुलभ रुपमा CASH कार्ड उपलब्ध गराउन निजी क्षेत्रसँग सहकार्य गरी ६२ वटा फर्म तथा कम्पनीहरु मार्फत खुद्रा बिक्रेतासम्म पुऱ्याईएको छ। क्षेत्र अन्तर्गतका सबै उपभोक्ताहरुको पहुँचमा CASH कार्ड पुऱ्याउने व्यवस्था गरिएको छ।

## EVDO र 3G सेवा

नेपाल टेलिकमले उपभोक्ताहरुलाई समय सापेक्ष विभिन्न नयाँ सेवाहरु उपलब्ध गराउँदै जाने सन्दर्भमा गत फागुन १८ गतेबाट उच्च गतिमा डाटा आदान प्रदान गर्न सक्ने CDMA प्रविधिमा आधारित EVDO सेवा काठमाडौं, बनेपा र पोखरामा वितरण शुरु गरेको छ । २.४ Mbps down load Speed क्षमता रहेको यो सेवाका लागि (रिमकार्ड) रु. २ हजार ५ सय भुक्तानी गर्नुपर्छ। यो सेवा लिएको नौ महिना सम्ममा रु. २ हजार सम्मको इन्टरनेट सुविधा उपभोग गरिसक्नु पर्ने व्यवस्था गरिएको छ। हाल यसको महसुल दर १०० KB को १५ पैसा (कर बाहेक) निर्धारण गरिएको छ ।

यसैगरी कम्पनीले २०६६ फागुन महिनादेखि काठमाडौ उपत्यकामा 3G Post paid Mobile सेवा पनि वितरण शुरु गरेको छ। ३ वर्ष अघि प्रिपेड मोवाईलमा उपलब्ध यो सेवा काठमाडौ उपत्यकाका सिमित क्षेत्रहरुमा मात्र परीक्षणका रुपमा प्रारम्भ गरिएको थियो ।

# गुणस्तर सुधार गर्ने थप कार्ययोजना

नेपाल टेलिकमले कम्पनीद्वारा वितरित मोवाइल सेवाहरु अझ भरपर्दो, गुणस्तरीय र सर्वसुलभ बनाउन आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन शुरु गरेको छ ।

कम्पनीका प्रबन्ध निर्देशक, नायब प्रबन्ध निर्देशकहरु, निर्देशकहरु, प्रबन्धकहरुलगायत गुणस्तरसँग प्रत्यक्ष सम्बन्धित विभागका अन्य उच्च अधिकृतहरु सम्मिलित गोष्ठीले यस सम्बन्धमा व्यापक छलफल गरी कार्य योजना तय गरेको हो ।

कार्यक्रममा व्यापार व्यवस्थापन विभागका प्रबन्धक सुरेन्द्र प्रसाद थिकेले कार्यपत्र प्रस्तुत गर्दै कम्पनीका GSM र CDMA सेवाको प्राविधिक गुणस्तरका साथै उपभोक्ता वर्गसँग हुने मानवीय सम्बन्धको गुणस्तरलाई पनि अझ सुमधुर र विशिष्ट किसिमको बनाउनु पर्ने धारणा राख्नु भएको थियो। गुणस्तरीय सेवा प्रदान नगरे सेवा वितरणको उद्देश्य पुरा नहुने भएकाले प्रत्येक कर्मचारीले आफ्नो कार्यक्षेत्रबाट सेवाको स्तरीयता वृद्धि गरी सबै ग्राहकलाई एकै किसिमको गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण तयार गर्नुपर्ने कुरामा उहाँले जोड दिनु भएको थियो ।

कार्यक्रममा मोवाइल सेवा निर्देशनालयका प्रबन्धक अशोक थापा र वरिष्ठ इन्जिनियर प्रेम सिलवाल तथा वायरलेस टेलिफोन निर्देशनालयका तर्फबाट वरिष्ठ इन्जिनियर निरज राजवंशी, ई शिवराम तुईतुई र ई बाबुराम पौडेलले क्रमशः GSM मोवाइल सेवा र CDMA सेवाको अवस्था, कार्यक्रम र सेवाको गुणस्तर सुधार सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

सो कार्यक्रममा व्यापार व्यवस्थापन विभागका नायब प्रबन्ध निर्देशक विश्वनाथ गोयलले मोवाइल सेवाको गुणस्तर सुधारका लागि विभाग तथा कार्यालयहरुले आआफ्नो स्थानबाट यथोचित प्रयत्न गर्न र आफूले गर्न नसकिने कामको लागि माथिल्लो निकायमा यथाशीघ्र जानकारी गराउन आग्रह गर्नुभयो। उहाँले लोडसेडिङको समयावधी बढ्दै गएकाले उर्जाका कारण सेवाको गुणस्तरमा कुनै किसिमको कमी आउन नदिन आवश्यक सबै विकल्पहरु अपनाउन आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रबन्ध निर्देशक अमरनाथ सिंहले स्रोत साधनको अधिकतम परिचालन गरी सेवाको गुणस्तरलाई अझ स्तरीय बनाई उपभोक्ताहरुलाई सर्वसुलभ रुपमा सेवा उपलब्ध गराउने कार्यमा सक्रिय बन्न आग्रह गर्नुभयो। साथै उहाँले गोष्ठिले तयार गरेको कार्य योजनालाई यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विभागलाई आग्रह गर्दै यसको नियमित अनुगमन गरिने बताउनु भयो ।

यस न्यूज लेटरलाई थप प्रभावकारी बनाउन यहाँको सुझाव तथा प्रतिक्रियाको अपेक्षा गरिएको छ ।
सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, व्या.व्य.वि., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
E-mail: ntc.news@ntc.net.np, फोन: ४२१०३०२/४२१०३७८, फ्याक्स: ४२१०३७९, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: BMD, Information & Publication Section, Co-ordinator S.P. Thike, Editor: Laxman Adhikari, Editorial Team: Nilakantha Tiwari, Bholanath Dahal, Umesh Dahal